आज मिति २०८२ कार्तिक १३ गतेका दिन बिहान ११:०० बजे पञ्चपुरी नगरपालिकाका नगर नगर प्रमुख श्री लालवीर भण्डारी ज्यूको अध्यक्षतामा आ.ब.२०८२/०८३ को कार्यपालिकाको पाँचौं बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमको निर्णय गरियो।

बैठक संख्याः- ०५

स्थानः- पञ्चपुरी नगरपालिका कार्यपालिकाको बैठक कक्ष

बैठक प्रारम्भः- बिहान ११:०० बजे

बैठकको अन्त्यः- साँझ ५:३० बजे

उपस्थितिः-

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लालवीर भण्डारी | नगर प्रमुख | |
| २ | श्री मुक्तिदेवी रेग्मी पुरी | उप प्रमुख | |
| ३ | श्री कर्ण बहादुर थापा मगर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री याम बहादुर बि.सी. | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री बलबहादुर रोकाय | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री राम प्रसाद अधिकारी | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री नगेन्द्र बहादुर शाही | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री कर्ण बहादुर तारामी | का.वा. वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री राम बहादुर बुढा | का.वा.वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री दिपक कुमार थापा | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री पूर्ण प्रसाद घिमिरे | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री हरि प्रसाद ढकाल | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री धन बहादुर माझी | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री चन्द्रा आलेमगर | कार्यपालिका सदस्य | |
| १५ | श्री भावना रावल | कार्यपालिका सदस्य | |
| १६ | श्री अनिता वि.क. | कार्यपालिका सदस्य | |
| १७ | श्री कोपिला नेपाली | कार्यपालिका सदस्य | |
| १८ | श्री कमला सुवेदी | कार्यपालिका सदस्य | |
| १९ | श्री गोर्खे कामी | कार्यपालिका सदस्य | |
| २० | श्री देवेन्द्रबहादुर राजी | कार्यपालिका सदस्य | |
| २१ | श्री भगे कामी | कार्यपालिका सदस्य | |
| २२ | श्री लक्ष्मी घिमिरे | प्र.प्र.अ./सदस्य सचिव | |

अन्य उपस्थिती

१. ई. श्री चेतराज ओझी (इन्जिनियर, अधिकृत सातौं)

२. ई. श्री भूवेन्द्र भण्डारी (नेपडेभलप, Mid, Nepal)

मिति २०८२/०७/१३ गतेको आ.ब. २०८२/०८३ को कार्यपालिकाको ५ औं बैठकका प्रस्तावहरु

१. पञ्चपुरी नगरपालिका अन्तर्गतका खोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन तथा संकलन गर्ने प्रयोजनार्थ परामर्शदाताले तयार गरेको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन सम्बन्धमा ।

२. बिद्यापुर जनता बहुमुखी क्याम्पसको बिस्तृत परियोजना प्रतिवेदन (DPR) सम्बन्धमा ।

३. विविध

मिति २०८२/०७/१३ गतेको आ.ब. २०८२/०८३ को कार्यपालिकाको ५ औं बैठकका निर्णयहरु

निर्णय नं. १

पञ्चपुरी नगरपालिका प्रस्तावक रहेको पञ्चपुरी नगरपालिका भएर बग्ने बड्खिहरे खोला,गल्फा खोला, ताउले खोला, तिखाकुना खोला, बागगाड खोला, चौर खोला, कोसेनी खोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन तथा संकलनको अवस्था अध्ययन गर्न यस कार्यालयसँग परामर्श सेवा सम्झौता भएको परामर्शदाता श्री नेप डेभलप इञ्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. वीरेन्द्रनगर सुर्खेतले तयार गरी कार्यालयमा पेश तथा प्रस्तुत गरेको प्रतिवेदन उपर प्राप्त राय तथा सुझावहरु समाविष्ट गरी वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ (२) ग तथा वातावरण संरक्षण नियमावली, २०७७ को नियम ३ बमोजिम स्वीकृत गर्ने र ठेक्काको लागि सूचना आव्हान गर्ने ।

निर्णय नं. २

पञ्चपुरी नगरपालिकको नगर कार्यपालिकाको २०८२/०५/१९ को निर्ण नं. २ बमोजिम "बिद्यापुर जनता बहुमुखी क्याम्पसको विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माणको लागि आवश्यक प्राविधिक प्रक्रिया अगाडी बढाउनको लागि सम्बन्धित क्याम्पसलाई जिम्मेवारी दिने र सोको लागि आवश्यक पर्ने रकम क्याम्पसलाइ अनुदान स्वरुप उपलब्ध गराउने" निर्णयानुसार परामर्शदाता श्री Mid Nepal Foundation वीरेन्द्रनगर सुर्खेतबाट तयार भएको DPR बिद्यापुर जनता बहुमुखी क्याम्पस मार्फत यस कार्यालयमा पेश तथा प्रस्तुत भएकोमा प्रतिवेदन उपर प्राप्त राय तथा सुझावहरु समाविष्ट गर्ने र सेवा र परामर्श खर्च शिर्षकबाट क्याम्पसलाई अनुदान उपलब्ध गराउने ।

निर्णय नं. ३

श्री भगवती प्रा.वि. पञ्चपुरी ६ सुर्खेतबाट प्राप्त निवेदन अनुसार शिक्षा विकास निर्देशनालय वीरेन्द्रनगर सुर्खेत बाट कार्यान्वयन हुने योजनाको नाम तपसिल बमोजिम हुनेगरी संसोधन गरिदिन निर्देशनालयमा अनुरोध गर्ने ।

| क्र.सं. | योजनाको हाल भएको नाम | संसोधन भइ कायम हुनुपर्ने नाम |
|---|---|---|
| १ | भवानी प्रा.वि. लाटिकाँडा भवन निर्माण पञ्चपुरी २ र पञ्चपुरी ६ | भगवती प्रा.वि. लाटिकाँडा भवन निर्माण पञ्चपुरी ६ |

निर्णय नं. ४

श्री गोगन पानी लाटीकाँडा खानेपानी तथा सरसफाई उपभोक्ता संस्था पञ्चपुरी ६ सुर्खेतबाट खानेपानी मर्मतका लागि आवश्यक व्यवस्था गरिदिन अनुरोध गरी प्राप्त भएको निवेदन अनुसार सो खानेपानी योजनाको मर्मत कार्यका सम्बन्धमा प्राविधिक लागत अनुमान तयार गरी सोहि बमोजिम कार्य अगाडी बढाउने ।

लक्ष्मी घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

CamScanner